सखुवानन्कारकट्टी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सखुवानन्कारकट्टी,सिरहा

प्रदेश नं. २, नेपाल

## सुरक्षित नागरिक आवास सम्वन्धी निवेदन आहवानको सुचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७७/०३/०४**

सरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ११ (ख) वमोजिम गरिवीको रेखामुनि रहेका, प्रकोपका कारण घरवारविहिन भएका घरपरिवारलाई जस्ताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि चालु आ.व. २०७६/०७७ मा नेपाल सरकार शहरी विकास मन्त्रालय मार्फत वजेट तथा कार्यक्रम कार्यान्वयन प्रकृयामा रहेकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशंन भएको मितिले १० दिनभित्रमा आ-आफ्नो वडा कार्यालयहरुवाट निःशुल्क रुपमा निवेदन फारम प्राप्त गरि रीतपूर्वक निवेदन पेश गर्नुहुन र ११ औं दिन सो फारमहरु वडा कार्यालयले यस कार्यालयमा पठाउन हुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

१. लाभाग्राही सम्वन्धित वडाको स्थायी वासिन्दा भएको हुनुपर्नेछ ।
२. आफ्नो आम्दानीको श्रोतले जस्तापाता लगाउन नसक्ने न्युन आय वा आम्दानीको श्रोत नभएको घरपरिवार हुनुपर्नेछ ।
३. लाभाग्राहीको हालको वसोवास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, टाटी वा प्लाष्टिक सिट आदिले वनेको तथा पानी र हावाहुरीवाट सहजै प्रभावित हुनसक्ने प्रकृतिको हुनुपर्नेछ ।
४. घरमुलीको नागरिकताको प्रतिलिपि, जग्गाधनी दर्ता प्रमाणपत्र वा घरजग्गा तिरो वा शुल्क बुझाएको प्रमाणं समेत पेश गर्नुपर्नेछ ।
५. लाभाग्राहीको हाल प्रयोगमा रहेको घरको क्षेत्रफलको विवरण (वर्गफिटमा) उल्लेख भएको हुनुपर्नेछ ।
६. लाभाग्राहीको हाल प्रयोगमा रहेको घर वाँस टाटीले वेरेको वा ढुङ्गा वा ईट्टाको जोर्नि भएको, काठ वा फल्याकले वारेको वा माटोले पोतेको जस्ता प्रकृतिको भएमा सोको विवरण खुलाई पेश गर्नुपर्नेछ ।
७. लाभाग्राहीको घरपरिवारमा असहाय, अपाङ्ग, अशक्त, वृद्धवृद्धा अनाथ वालवालिका, एकल महिला जस्ता सदस्यहरु भएमा सोको विवरण समेत खुलाई पेश गर्नुपर्नेछ ।
८. अन्य कुराहरु सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ वमोजिम हुनेछ ।

२०७७/३/४

.............................
राजीव कुमार झा
(प्रमुख प्रशासकिय अधिकृत)

राजीव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

मिति :- २०७७/    /

श्री सखुवानन्कारकट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवानन्कारकट्टी, सिरहा

**विषय : सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत यस सखुवानन्कारकट्टी गाउँपालिकाको कार्यालयबाट मिति २०७७/०३/०४ मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को परिच्छेद २ को दफा ३/४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरीक्षण गरी मेरो घर परिवारलाई जस्ता पाताको छाना मुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १. | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| २. | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामग्रीबाट छाएको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ३. | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घर परिवार भएको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ४. | जग्गा धनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ५. | बिगतदेखि त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ६. | प्रकोपका कारण घरवार विहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ७. | गरिबीको रेखा मुनी रहेका लाभग्राहीको सम्बन्धमा स्थानीय तहको सिफारिशको प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |
| ८. | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रमाणित प्रतिलिपि | छ ☐ /छैन ☐ |

**नवेदकको :**

सही :................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नाम थर :............................

बुवा/पति/पत्नीको नाम :......................

बाजे/ससुराको नाम :.......................

जिल्ला :.......................................

गा.पा. :......................................................... वडा नं. ............

गाउँ/टोल :...................................

सम्पर्क मोवाइल नम्बर :

*नोट : एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिने छ । खाना पकाउने अको चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिदैन । एउटा सगोलको परिवारले एउटा फर्ममात्र भर्न पाईने छ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।*

Scanned with CamScanner